# डिजिटल संसार र मिथ्या सूचना

## उद्देश्यहरुः

- सहभागीहरुलाई इन्टरनेटमा फैलन मिथ्या सूचना र यसलाई रोक्ने तरिकाको बिषयमा सचेत बनाउने।
- सहभागीहरुलाई आफूले प्रयोग गर्ने अनलाइन प्लेटफर्मलाई मिथ्या सूचनाको जोखिमको आधारमा मूल्यांकन गराउने।

## कार्यशाला भन्दा पहिला गर्नुपर्ने कामः

- मिरो बोर्ड तयारी
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ ।

- स्लाइड तयार पार्ने

- सन्दर्भको लागि तलको क्रियाकलाप सिट तयार पार्नुहोस् :
  - इनर्जाइजर
  - कम्पास प्वाइन्ट
  - सामाजिक सञ्जाल प्लेटफर्मको वर्गीकरण

## सहजकर्ताका लागी नोट:


- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको *"**theme 3: Communicating and Sharing Digital Contents**"*मा हेर्नुहोस्।

## प्रयोग भएका टूलः

- Miro

## कार्यतालिकाः

| शीर्षक | उद्देश्य | विस्तृत |
|---|---|---|
| ताजगी (इनर्जाइजर)<br><br>१५/१५ मिनेट | सहभागीहरु लाई अनलाइन संसार मा झूट को बारे मा सोच्न को लागी प्रेरित गर्नु। | आफ्नो परिचय दिनुहोस् र कार्यशालाको बिषयमा जानकारी दिनुहोस् ।<br><br>मिथ्या सूचना सम्बन्धी रमाइलो क्रियाकलापबाट कार्यशाला सुरु गर्नुहोस् । यो ताजगी व्यक्तिगत रुपमा गरिए पनि कार्यशालामा गरिने क्रियाकलाप सामूहिक हुन्छन् ।<br><br>ताजगी क्रियाकलाप सुरु गर्नु अघि वा गरेपछि सहभागीहरुलाई चार वा पाँच समूहमा विभाजन गर्नुहोस् । हरेक सहभागीलाई एक एक गरी विषयवस्तुसँग सम्बन्धित स्क्रिन र सम्बन्धित स्लाइड देखाउनुहोस् ।<br><br>सहजकर्तालाई सुझाव : ताजगीको बारेमा थप जान्न यो क्रियाकलाप सिटलाई सन्दर्भ सामग्री बनाउनुहोस् ।<br><br>ताजगी क्रियाकलाप सकिएपछि, सहभागीहरुलाई यो क्रियाकलाप गर्नुको उद्देश्य के होला भनेर सोध्नुहोस् । केही सहभागीलाई उत्तर भन्न लगाउनुहोस् । मिथ्या सूचना इन्टरनेटमा प्रशस्तै हुन्छन् र तिनको पहिचान गर्न पनि गाह्रो हुन्छ भनेर सहभागीलाई बताउनुहोस् । यसलाई कार्यशालाको उद्देश्यसँग सान्दर्भिक बनाउनुहोस् ।<br><br>सहभागीलाई सोध्नुहोस्– अनलाइन संसारमा हुने झुट र मिथ्या सूचनाको बारेमा तपाइलाई केके थाहा छ ?<br><br>सहजकर्तालाई सुझावः अर्को क्रियाकलाप गर्नु अघि सहभागीहरुको प्रतिक्रिया लिनुहोस् । प्रश्न सोध्नुको उद्देश्य सहभागीलाई बिषयबस्तुको बारेमा सोध्न लगाउनु र यसबारेमा उनीहरु कत्तिको जानकार छन् भनेर थाहा पाउने हो। |
| कम्पास प्वाइन्ट<br><br>२०/३५ मिनेट | मिथ्या सूचना फैलाउनको लागि योगदान गर्नॆ डिजिटल इकोसिस्टमको बारेमा सहभागीलाई सोच्न लगाउने।<br><br>मिथ्या सूचना कसरी भाइरल हुन्छ भनेर सहभागीलाई सरल तरिकाले बुझाउने। | सहभागीहरुले मिथ्या सूचना सम्बन्धी भिडियो हेर्छन् र त्यसपछि सामूहिक रुपमा त्यसलाई विश्लेषण गर्न कम्पास प्वाइन्ट नामक गतिविधीको प्रयोग गर्नुहोस् ।<br><br>भिडियोको लिंक साझा गर्नुहोस् । सहभागीहरुले भिडियो हेरिसकेपछि क्रियाकलापको लागि स्क्रिनमा मिरो (Miro) फ्रेम देखाउनुहोस् । संक्षिप्त उदाहरणसहित कम्पास प्वाइन्टको संरचना बारे बताउनुहोस् ।<br><br>सहभागीले क्रियाकलाप बारे बुझिसकेपछि मिरो लिंक साझा गर्नुहोस् ।<br><br>सहभागीहरुले सामूहिक क्रियाकलाप सुरु गर्नुअघि यसमा जोड दिनुहोस्:<br>• बोर्डमा भएका सबै आइडियाको स्वामित्व लिनुहोस् ।<br>• समूहका अन्य सदस्यसँग यो आइडिया बारे छलफल गर्नुहोस् ।<br><br>सहजकर्तालाई सुझावः क्रियाकलापलाई विस्तृतमा बुझ्न यो क्रियाकलाप सिट *(sheet)* पढ्नुहोस् । |

<table>
<tr><td></td><td></td><td>यो क्रियाकलापको लागि सहभागीलाई १५ मिनेटको समय हुनेछ ।</td></tr>
<tr><td>मिथ्या सूचनाको प्रचार<br><br>१५/५५ मिनेट</td><td>सहभागीहरुलाई मिथ्या सूचना कसरी शुरू हुन्छ र फैलन्छ भन्ने बारे सोच्न लगाउनु।<br><br>सहभागीहरुलाई कसरी disinformation उत्पन्न र प्रसारित हुन्छ को एक आधारभूत समझ प्राप्त गराउनु।</td><td>सोध्नुहोस्– अनलाइन संसारमा मिथ्या सूचना कसरी फैलन्छ ?<br><br>सहभागीको उत्तर सुन्नुहोस्  र रोचक उत्तरहरुमा प्रतिप्रश्न गर्नुहोस् ।<br><br>स्क्रिनमा तलको डायग्राम देखाउनुहोस् र वर्णन गर्नुहोस् ।<br><br>
<br>अर्को ३ स्लाइड को प्रयोग गर्नुहोस् Starbucks free coffee हल्लाको उदाहरण दिनुहोस् जुन 4chan मा रचिएको थियो ।</td></tr>
<tr><td>सामाजिक सञ्जाल प्लेटफर्मको वर्गीकरण</td><td>सहभागीहरुलाई सोशल मिडिया प्लेटफर्महरु र मिथ्या सूचनाको प्रचारको लागी तिनीहरुको</td><td>सहभागीहरुले मिथ्या सूचना फैलाउन सक्ने जोखिमको आधारमा सहभागीले सामाजिक सञ्जाल प्लेटफर्मको विश्लेषण गरी सोही अनुसार वर्गीकरण गर्छन् । यो क्रियाकलापको लागि स्क्रिनमा मिरो फ्रेम देखाउनुहोस् । उदाहरण सहित त्यसको संरचनाको वर्णन गर्नुहोस् । सहभागीले क्रियाकलाप बारे बुझिसकेपछि मिरो लिंक साझा</td></tr>
</table>

| | | |
|---|---|---|
| १५/७० मिनेट | जोखिम को बारे मा सोच्न को लागी प्रेरित गर्नु। | गर्नुहोस् ।<br><br>सहजकर्तालाई सुझावः यो क्रियाकलापलाई राम्ररी बुझ्न यो क्रियाकलाप सिटको सन्दर्भ लिनुहोस् ।<br><br>यो क्रियाकलापको लागि सहभागीसँग १० मिनेटको समय हुनेछ ।<br><br>सहभागीहरुले वर्गीकरण गरिसकेपछि, स्क्रिनमा हरेकले गरेको वर्गीकरण देखाउनुहोस् । कसले गरेको वर्गीकरण रोचक भयो वा द्धिविधात्मक भयो सहभागीलाई सोध्नुहोस् । |
| मिथ्या सूचनाको सामना<br><br>१०/८० मिनेट | सहभागीहरुलाई मिथ्या सूचनाको प्रचारसंग लड्न को लागी तरीकाहरु बारे विचार गर्न को लागी प्रेरित गर्नु। | सोध्नुहोस्– मिथ्या सूचनालाई तपाईंले कसरी सामना गरिरहनु भएको छ ?<br><br>सहभागीले राखेको विचार बारे छलफल गर्नुहोस् । छलफलपछि मिथ्या सूचनाको सामना गर्ने तलको तरिकालाई स्क्रिनमा देखाउनुहोस्।<br><br>• आफैंले तर्क गरेर जाँच्ने<br>• विभिन्न विश्वसनीय स्रोतको सन्दर्भ लिने<br>• तथ्य जाँचमा सघाउने संस्थाको सहयोग लिने - factcheck, snopes, mysansar, altnews<br>• गुगलको रिभर्स इमेज सर्च प्रयोग गर्ने<br>• आफ्नो एकोहोरो विचार, पूर्वाग्रह वा भावना सन्तुलित छैनन् कि ?<br>• मिथ्या सूचनाबारे सामाजिक सञ्जालमा रिपोर्ट गर्ने |
| समीक्षा र कार्यशालाको अन्त्य<br><br>१०/९० मिनेट | सहभागीलाई यो कार्यशालामा भएको छलफल सम्झिन लगाउने।<br><br>सहभागीलाई आफूले सिकेको कुरा सम्झाउन लगाउने। | समीक्षाको लागि, सहभागीलाई आजको कार्यशालामा सिकेको कुनै दुईवटा कुरा साझा गर्न लगाउनुहोस् ।<br><br>समीक्षापछि, कार्यशाला अन्त्य गर्ने तयारी गर्नुहोस् । कोही सहभागीले कुनै अनुभव साझा गर्न चाहन्छन् भने मौका दिनुहोस् । अन्त्यमा, कसरी डिजिटल संसारमा मिथ्या सूचना संक्रामक रोगजस्तै समस्या बनेका छन् र मिथ्या सूचनाको प्रवाह रोक्न यो कसरी फैलिन्छ भनेर जान्न जरुरी छ भनेर बताउनुहोस् । सहभागीलाई डिजिटल साक्षरताबारे थप अध्ययनलाई निरन्तरता दिनको लागि प्रोत्साहन गर्नुहोस् । |